नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय

# वन विभाग

कर्मचारी प्रशासन

☎ ४-२२७५७४
४-२२०३०३
४-२२१२३१
४-२१६३७९
४-२२१७४४
फ्याक्स : ४-२२७३७४

(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)

बबरमहल,
काठमाडौं, नेपाल

प्राप्त पत्र संख्या र मिति :
पत्र संख्या :-
च. नं. ११८५। ।०७३।७४नं.

मिति :- २०७४।२।२

विषय : निर्णय कार्यान्वयन ।

श्री जिल्ला वन कार्यालय
सवै

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ५१।०७३।७४।७८३२ मिति २०७४।१।२५ को पत्र र सो साथ संलग्न मिति २०७४।१।२५ गते मुख्य सचिव डा. सोमलाल सुवेदीज्यूको अध्यक्षतामा वसेको सचिव बैठकको निर्णय पाना १ (एक) को फोटोकपि यसैसाथ संलग्न गरी पठाईएको छ । तहाँसंग सम्वन्धित विषयहरु कार्यान्वयन गरी सो को प्रगति ७ (सात) दिन भित्र यस मन्त्रालयमा पठाउनु हुन आदेश अनुसार अनुरोध छ भनि वन तथा भू-संरक्षण मन्त्रालयको प.सं. क.प्र.।१३।२१।०७३।७४ नं. २०५४ मिति २०७४।१।२९ को पत्रवाट लेखि आएकोले व्यहोरा सोहीवाट अवगत गर्नु भई सो अनुसार गर्नु गराउन हुन आदेशानुसार अनुरोध छ ।

(सन्तोष कुमार पौडचाल)
शाखा अधिकृत

Scanned by CamScanner

मिति २०७४/०१/२५ मा बसेको आ.व. ०७३/०७४ को १४ औं सचिव बैठकका निर्णयहरु

| निर्णयहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | अनुगमन गर्ने निकाय | समय सीमा |
|---|---|---|---|---|
| वातावरण संरक्षणका सम्बन्धमा सम्मानीत सर्वोच्च अदालतबाट भएको आदेश कार्यान्वयन गर्न सरोकारवाला मन्त्रालय निकायहरुले दीर्घकालीन, मध्यकालीन र अल्पकालीन योजना बनाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने अघिल्लो सचिव बैठकको निर्णयानुसार हाल सम्म ४ वटा मन्त्रालय/निकायबाट मात्र कार्ययोजना । प्राप्त भएकोले कार्ययोजना पठाउन बाँकी सबै मन्त्रालय निकायले सात दिन भित्र अनिवार्य रुपमा कार्ययोजना तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने साथै कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने। | सम्बन्धित सबै मन्त्रालय /निकाय | जनसंख्या तथा वातावरण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७ दिन भित्र |
| स्थानीय तह निर्वाचनको प्रथम चरण प्रारम्भ भईसकेको र दोस्रो चरणको निर्वाचनको मिति समेत तय भईसकेकोले दुवै चरणको निर्वाचनका लागि माग भएका आवश्यक कर्मचारीहरु उपलब्ध गराई निर्वाचनमा सबै मन्त्रालय/निकायहरुले सहयोग पुऱ्याउने। | सबै मन्त्रालय /निकाय | निर्वाचन आयोग | सामान्य प्रशासन मन्त्रालय | - |
| बेरुजु फछ्र्यौट र पूँजीगत खर्चको प्रगति अवस्था आशातित रुपमा अगाडी बढेको नदेखिएकाले सम्बन्धित सबै मन्त्रालय निकायले लक्ष्य अनुरुपको प्रगति हासिल हुने गरी कार्य गर्ने। | सम्बन्धित मन्त्रालय /निकाय | महालेखा नियन्त्रकको कार्यालय र अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर |
| मन्त्रिपरिषद्मा पेश गरिने प्रस्तावहरुको गुणस्तरमा अझै पनि सुधार हुन नसकेको देखिएकोले प्रस्ताव तयार गर्दा सम्बद्ध मन्त्रालय/निकायहरुको राय/सुझावको पर्याप्त विश्लेषण गरी प्रस्तावको गुणस्तरमा विशेष ध्यान दिने। | सबै मन्त्रालय /निकाय | - | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

Scanned by CamScanner